# मागमा आधारित ५०% अनुदान सहयोग कार्यक्रमका क्षेत्रहरु:

## मौरी पालन कार्यक्रम:

गाउँपालिकाको सम्बन्धित शाखाबाट १५ दिने सूचना प्रकाशित गरी समूहबाट आवेदन माग गरिने छ। आवेदन दिने कृषकको जमिनमा भएको फलफूलको बोटको संख्या, तोरी लगायत फूल फुल्ने नगदेबाली लगाउने क्षेत्रफल, सम्बन्धित कृषकहरुको नागरिकताको प्रतिलिपी र जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपी संलग्न गरी सामुहिक निवेदन दिनु पर्ने छ।

| क.सं. | अनुदानको किसिम |
|---|---|
| १ | घार सहितको मौरी खरिद तथा ढुवानी |
| २ | तालिम |

**महिला लक्षित कार्यक्रमका लागि अनुदानग्राहीले माग गर्न सक्ने कार्यक्रमहरु :**

यस कार्यक्रमको लागि अनुदानग्राहीहरुले तपशिल बमोजिमको कार्यक्रमहरु माग गर्न सक्ने छन्।

☛टनेल निर्माणको लागि सामग्री खरिद तथा टनेल निर्माण (कम्तीमा २ वटा बनाउनु पर्ने)

☛तरकारी खेतीको लागि आवश्यक बीऊ, मल्चिङ प्लाष्टिक, थोपा सिञ्चाई, स्प्रिङ कल, हजारी, साना हाते औजारहरु, स्प्रेयर, घरेलु विषादी निर्माणको लागि प्लाष्टिक ड्रम खरिद, भर्मिङ कम्पोष्ट निर्माणको लागि गड्यौला खरिद, डि कम्पेजर मल निर्माणको लागि ड्रम तथा विउ खरिद, नर्सरी ट्रे, पोली व्याग, कोकोपिट आदि खरिद गर्न।

☛ मसलाबाली अन्तर्गतका लसुन, प्याज, अदुवा, बेसार खेतीको लागि बीउ, बेर्ना, मल, कृषि औजार खरिद

☛ बाखाको बीउ लाग्न तयार पाठी वा माउ बाखा खरिद, बङ्गुरको पाठा-पाठी खरिद, भैंसीको पाडा-पाडी खरिद, माछाको भुरा खरिद, आधुनिक मौरी घार र मौरी खरिद आदि

☛ १० वटाभन्दा बढी बाखा अट्ने तोकिएको ढाँचाको बाखा खोर निर्माण, दुईवटाभन्दा बढी बङ्गुर पाल्न मिल्ने तोकिएको ढाँचाको खोर निर्माण, गाई-भैंसीको लागि तोकिएको ढाँचाको गोठ निर्माण, ५० वटाभन्दा बढी कुखुरा अट्ने खोर निर्माण, गोठेमल सुधार आदि

☛ मकैबालीको आधुनिक खेतीको लागि आवश्यक कृषि औजार तथा उन्नत बीउ खरिद

- पानीको श्रोत प्रशस्त नभएको स्थानको लागि प्लाष्टिक पोखरी, बर्षे पानी संकलन गर्ने पोखरी निर्माण
- तोकिएको क्षेत्रफल भएको माछा पोखरी निर्माण
- फलफूलको विरुवा खरिद
- किवी, ड्रागन फ्रट जस्ता फलफूलको स्थायी टेको वा चाङ बनाउन
- माहुरी पालनको लागि आधुनिक घार सहित माहुरी खरिद

**तरकारी पकेट स्थापना सहयोग कार्यक्रमका लागी अनुदानग्राहीले माग गर्न सक्ने कार्यक्रमहरु :**

| | |
|---|---|
| १ | टनेल निर्माण |
| २ | बिउ, बेर्ना, मल खरिद |
| ३ | थोपा सिञ्चाई, मल्चिङ प्लाष्टिक, पायप, स्पिङकल आदि खरिद्र |

## फ्रेस हाउस स्थापना अनुदान सहयोग कार्यक्रम

अनुदानग्राहीलाई उपलब्ध गराईएको अनुदान देहायको क्षेत्रमा उपयोग गर्न सक्ने छ ।

- सिसा वा जालीले घेरिएको सुरक्षित फ्रेस हाउस निर्माण
- फ्रिजर खरिद

## पशु विकास कार्यक्रम

यस कार्यक्रममा छनौट भएका अनुदानग्राहीले तपशिल बमोजिमको शिर्षकमा खर्च गर्न सक्ने छन् ।

- खोर, गोठ निर्माण
- उन्नत जातको बीउ बोका, राँगा वा बङ्गुर खरिद
- डाले तथा भुइँ घाँस रोप्न
- औषधी, भिटामिन आदि खरिद

## कृषि कार्यक्रममा अनुदानग्राहीले माग गर्न सक्ने कार्यक्रमहरु

यस कार्यक्रमको लागि अनुदानग्राहीहरुले तपशिल बमोजिमको कार्यक्रमहरु माग गर्न सक्ने छन् ।

- टनेल निर्माणको लागि सामग्री खरिद तथा टनेल निर्माण (कम्तीमा ४ वटा बनाउनु पर्ने)

- तरकारी खेतीको लागि आवश्यक बीऊ, मल्चिङ प्लाष्टिक, थोपा सिञ्चाई, स्प्रिङ कल, हजारी, साना हाते औजारहरु, स्प्रेयर, घरेलु विषादी निर्माणको लागि प्लाष्टिक ड्रम खरिद, भर्मिङ कम्पोष्ट निर्माणको लागि गड्यौला खरिद, डि कम्पेजर मल निर्माणको लागि ड्रम तथा विउ खरिद, नर्सरी ट्रे, पोली व्याग, कोकोपिट आदि खरिद गर्न ।
- मसलाबाली अन्तर्गतका लसुन, प्याज, अदुवा, बेसार खेतीको लागि बीउ, बेर्ना, मल, कृषि औजार खरिद
- मकैबालीको आधुनिक खेतीको लागि आवश्यक कृषि औजार तथा उन्नत बीउ खरिद
- पानीको श्रोत प्रशस्त नभएको स्थानका लागि प्लाष्टिक पोखरी, बर्षे पानी संकलन गर्ने पोखरी निर्माण
- तोकिएको क्षेत्रफल भएको माछा पोखरी निर्माण
- फलफूलको विरुवा खरिद
- किवी, ड्रागन फ्रट जस्ता फलफूलको स्थायी टेको वा चाङ बनाउन

**रिचार्ज पोखरी निर्माण हुने स्थानको छनौट र निर्माण सम्बन्धि शर्तहरु:**

- रिचार्ज पोखरी निर्माण भौगोलिक रुपले सबैभन्दा माथि रहेको समतल भू-भागमा हुनु पर्ने छ ।
- सकभर सामान्य पानीको श्रोत भएको र सो हुन नसकेको खण्डमा बर्षे पानीलाई पोखरीसम्म ल्याउन सकिने अवस्था रहेको स्थान हुनु पर्ने छ ।
- पोखरी निर्माण गरिने स्थान आफै पोखरीको आकारमा रहेको वा एकातिरबाट मात्र छेकबार लगाउँदा पोखरी बन्ने किसिमको हुनु पर्ने छ ।
- पोखरी निर्माण गरिने स्थान वस्तीभन्दा कम्तीमा ५०० मीटर टाढा हुनुपर्ने छ । यदि वस्ती नजिकै पोखरी निर्माण हुने हो भने घेराबाराको व्यवस्था गरिनु पर्ने छ ।
- पोखरीको गहिराई १.३ मीटरभन्दा बढी हुनु हुँदैन ।
- पोखरी निर्माण गर्दा रुख विरुवा नमासिने गरि वा भू-क्षय नहुने गरी निर्माण गर्नु पर्ने छ ।
- पोखरी निर्माण गरिसकेपछि बर्षे पानी संकलन हुने व्यवस्था मिलाउनु पर्ने छ ।
- पोखरी निर्माण प्राविधिक स्टिमेट अनुसार हुनु पर्ने छ ।

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार